# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३ ] काठमाडौं, श्रावण ८ गते २०३० साल [ संख्या १५

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले ट्रान्स्मिटिङ स्टेशन बिस्तार योजना कार्यकोलागि वाग्मती अञ्चल, काठमाडौं जिल्ला, सिनामंगल गाउँ पञ्चायत वार्ड नं. २ (क) को निम्नलिखित जग्गा थप प्राप्त गर्ने निर्णय गरेकोले संबन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षेतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व ऐ वडाको कि.नं. १४,१५,१६ को जग्गाको साँध ,पश्चिम ऐ वडाको कि.नं. २ को पैह्लो जग्गा, उत्तर ऐ वडाको कि नं. १२ को जग्गाको साँध र कि.नं. १३ को बांकी जग्गाको साँध र दक्षिण ऐ वडाको कि.नं. २ को पैह्लो जग्गाको सांध यती चार किल्लाभित्र पर्ने कि.नं. ३ बाट ०-६-० कि.नं. ४ बाट ०-१२-० कि नं. ५ बाट ४-२-१ कि.नं. ६ बाट १-८-२ कि.नं. ७ बाट १-२-१ कि.नं. ८ बाट १-२-२ कि.नं. ९ बाट १-६-१ कि नं. १० बाट १-६-२ कि.नं. ११ बाट ०-१५-२ र कि.नं. १३ बाट १-१५-२ को जम्मा मालपोत रू. ५८।१२ (अन्ठाउन्न रूपैयाँ बाह्र पैसा) लाग्ने जम्मा जग्गा रोपनी १४-१३-१ (चौध रोपनी तेह्र आना एक पैसा) को कित्ता ।

आज्ञाले-
फणिन्द्रराज हमाल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१५

मुद्रण विभाग, सिंहदरबार

220

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।